आईसीआरसी प्रेस विज्ञप्ती

२ आश्विन २०७०

नेपालः अस्पतालहरू आकस्मिक परिस्थितिको सामना गर्न अझ बढी तयार ।

काठमाडौं (आईसीआरसी)— रेडक्रसको अन्तर्राष्ट्रिय समिति (International Committee of the Red Cross – ICRC) र धुलिखेल अस्पताल, काठमाडौं विश्वविद्यालयले संयुक्त रूपमा काभ्रेको धुलिखेल अस्पतालमा आश्विन २ देखि ५ सम्म 'आकस्मिक—कक्ष गम्भीर चोटपटक तालिम' सञ्चालन गर्दैछन् । गम्भिर चोटपटक लागेका बिरामीहरूको उपचार व्यवस्थापन गर्ने चिकित्सकहरूको क्षमता अभिबृद्धि गर्ने लक्ष्यका साथ सञ्चालन हुने उक्त तालिममा २० जना भन्दा बढी चिकित्सकहरूको सहभागीता रहनेछ ।

काठमाडौं विश्वविद्यालयका रजिष्टार प्राध्यापक डा. भोला थापा र आईसीआरसी नेपाल प्रतिनिधिमण्डल प्रमुख सिल्भी थोरलले आज धुलिखेल अस्पतालमा एक समारोह माझ पानसमा बत्ती बालेर संयुक्त रूपमा तालिमको उदघाटन गर्नुभयो । "नेपालमा गम्भीर चोटपटक लागेका बिरामीहरूको उपचार गर्न चिकित्सकहरूको क्षमता अभिवृद्धि गर्न महत्वपूर्ण छ, किनकि नेपालमा भूकम्प जाने खतरा छ र पर्याप्त स्वास्थ्य सुबिधाको अभावमा त्यस्तो विपद्को अवस्था आइलागेमा हजारौंको संख्यामा मानिसहरू हताहत हुनसक्छन्"— समारोहलाई सम्बोधन गर्दै सिल्भी थोरलले बताउनुभयो ।

यस तालिमको पूर्ण स्वामीत्व क्रमश ग्रहण गर्दै जाने उद्देश्यले सन् २०११ देखि धुलिखेल अस्पताल, काठमाडौं विश्वविद्यालयले रेडक्रसको अन्तर्राष्ट्रिय समितिसँग सहकार्य गर्दै आएको छ । "धुलिखेल अस्पताल आपैmले यस्ता तालिमहरू विकास गर्न र प्रदान गर्न चाहन्छ,"— धुलिखेल अस्पतालका प्रशासनिक निर्देशक डा. राजेन्द्र कोजुले बताउनुभयो । "गम्भीर चोटपटक लागेका बिरामीहरूको उपचार व्यवस्थापन गर्न चाहिने आवश्यक चिकित्सा जनशक्ति तयार गर्न 'आकस्मिक—कक्ष गम्भीर चोटपटक तालिम' महत्वपूर्ण छ ।"

आकस्मिक सेवामा कार्यरत चिकित्सकहरूको चोटपटक व्यवस्थापन क्षमता अभिवृद्धि तालिम सत्रलाई आईसीआरसीका शल्यचिकित्सा विशेषज्ञ डा. अब्दुल्लाह ले सञ्चालन गर्नेछन् जसलाई धुलिखेल अस्पतालका ३ जना चिकित्सकहरूले सहयोग गर्नेछन् । आइसीआरसीले हालसम्म यस प्रकारका सात वटा तालिमहरू सफलतापूर्वक सम्पन्न गरिसकेको छ र ६० अस्पतालका १४० भन्दा बढी चिकित्सक र विशेषज्ञहरूले यो तालिम प्राप्त गरिसकेका छन् ।

देशका सबै क्षेत्रका सरकारी अस्पतालका ६० जना चिकित्सकहरूलाई समेट्ने उद्देश्य सहित सन् २०१३ मा थप दुईवटा यस्ता तालिमहरू सञ्चालन गर्ने आइसीआरसीको योजना रहेको छ । अर्को तालिम नेपालगंजमा आश्विन ९ देखि ११ मा र पोखरामा आश्विन १५ देखि १७ मा संचालन हुँदैछन् ।

थप जानकारीको लागि, सम्पर्क गर्नुहोस्ः

विनोद काफ्ले आईसीआरसी काठमाडौं, फोन +९७७ १ ४१०७२८५ वा +९७७ ९८५१०७४२९५

वा

हाम्रो वेबसाइट www.icrc.org मा जानुहोस् ।

आईसीआरसीका भिडियोहरू प्रसारण गुणस्तरमै प्रिभिउ र डाउनलोड गर्नलाई

www.icrcvideonewsroom.org मा जानुहोस् ।

स्वास्थ्यकर्मी र बिरामीहरूमाथि हुने आक्रमणको अन्त्य गर्न आईसीआरसीका गतिविधिहरूका बारेमा जानकारी लिन

icrc.org/eng/life-death मा जानुहोस् । facebook.com/icrc र twitter.com/icrc मा आईसीआरसीलाई फलो गर्नुहोस् ।